# वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०८०

**(वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

**प्रस्तावनाः** वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रमहरुका लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वराहपोखरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८०।०४।०१ बाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **३७,४७,५९,०००/- (अक्षेरुपी सैतिस करोड सट्चालिस लाख उनन्साठी हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त वराहपोखरी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर पूँजिगत खर्चको र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछैन ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ ।

## अनुसूचि-१
## (दफा २ सँग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षकको नाम | चालु खर्च रु. | पुजींगत खर्च रु. | वित्तिय व्यवस्था रु. | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | वराहपोखरी गाउँपालिका | ८१७२८६०० | ६४०२०००० | ० | १४५७४८६०० |
| २ | गाउँपालिका शिक्षा | १२९००००० | ५४८०००० | ० | १८३८०००० |
| ३ | गाउँपालिका स्वास्थ्य | ३९९६००० | १२८४४०० | ० | ५२८०४०० |
| ४ | गाउँपालिका कृषि तथा पशु | २२००००० | ० | ० | २२००००० |
| ५ | गाउँपालिका आकस्मिक कोष | ५००००० | ० | ० | ५००००० |
| ६ | संघीय सरकार सशर्त अनुदान | १४८७००००० | २५०००००० | ० | १७३७००००० |
| ७ | संघिय सरकार समपुरक अनुदान | ० | १३५००००० | ० | १३५००००० |
| ८ | कोशी प्रदेश सर्शत अनुदान | २५०००० | ५२००००० | ० | ५४५०००० |
| ९ | कोशी प्रदेश समपुरक अनुदान | ० | १०००००००० | ० | १०००००००० |
| **कूल जम्मा** | | **२५०२७४६००** | **१२४४८४४००** | **०** | **३७४७५९०००** |

वराहपोखरी गाउँपालिकाको गाउँसभाबाट पारित यो विधेयक (संख्या १, जम्मा पृष्ठ संख्या ३) नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २१ को उपदफा (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

............................

**शालिकराम बन्जारा**

**गाउँसभा अध्यक्ष**

**मिति : २०८०।०३।१०**